फ्याक्स : ९७७-१-४२६२५१६
इमेल : dgca@caanepal.gov.np
केवल : AIRCIVIL
AFTN : VNKTYAYX

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाडौं

पत्र संख्याः- मितिः-

## प्रेस विज्ञप्ती

नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको काठमाडौं सिनामंगल स्थित जग्गामा विमानस्थल होटल (Airport Hotel) निर्माण गर्ने विषयलाई अतिरञ्जित रुपमा विमानस्थल सुरक्षासँग गाँसी कान्तिपुर दैनिकको मुखपृष्ठमा मिति २०७७ साल फाल्गुन १६ गते आइतवारका दिन प्रकाशित समाचार र २०७७ साल फाल्गुण १७ गते सोमबारका दिन सोही विषयमा प्रकाशित लेखका सम्बन्धमा यस प्राधिकरणको गम्भिर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा यथार्थ तथा सत्य तथ्य व्यहोरा देहाय बमोजिम रहेको सम्बन्धित सरोकारवाला सबैमा हार्दिक अनुरोध गरिन्छ :

- विमानस्थल होटल नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मात्र बनाउन लागिएको अनौठो विषय नभई यो संसारभरीका सबै ठूला अन्तर्राष्ट्रिय विमानस्थलहरुमा उपलब्ध हुने सुविधा हो । निर्माणाधिन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा समेत यस प्रयोजनका लागि जग्गा छुट्याइएको छ ।
- युरोपियन युनियनले नेपाली वायुयानलाई उडान सुरक्षा सूचिमा राखी युरोपमा उडान गर्न रोक लगाएको विषयलाई नागरिक उड्डयनका हरेक गतिविधिलाई कालो सूचिसँग जोड्न खोज्नु हवाई सेवाप्रतिको केवल अनभिज्ञता मात्र हो, विमानस्थल होटलका कारण विमानस्थल कालो सूचिमा पर्ने नभई यसबाट हवाई यात्रुहरुको सुविधामा स्तरबृद्धि भई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा अझ स्तरीय सुविधासम्पन्न हुन जान्छ ।
- सिनामंगलको उक्त जग्गाको अवस्थिति विमानस्थलमा वायुयान फाइरिंग रेन्जमा रहेकोले यसबाट ठूलो सुरक्षा खतरा रहेको मान्ने हो भने काठमाडौं अवतरणको क्रममा रहेका सबै वायुयान उपत्यका छिर्ने क्रममा डाँडाकाँडाको नजिक भई (Vertical Proximity) आगमन गर्ने हुदा सो अवस्थालाई पनि फाइरिंग रेन्जमा नै रहेको मान्नुपर्ने हुन्छ । अझ अवतरणको क्रममा रहेको जहाजका लागि ईमाडोल जडिबुटी, कोटेश्वर, गैरिगाउँ, सिनामंगल, पूर्वी सिनामंगल, गोठाटार र बौद्ध क्षेत्रमा रहेका भवनहरुलाई पनि सुरक्षा जोखिम मान्नुपर्ने हुन्छ ।
- सुरक्षा जोखिमको कुरा गर्ने हो भने वायुयान जमिनमा रहेको अवस्थामा भन्दा उडान र अवतरणको समयलाई तुलनात्मक रुपमा बढी जोखिमपूर्ण मानिन्छ । हवाईजहाजहरु उड्ने र अवतरण गर्ने क्रममा संसारका विभिन्न शहरमा घरमाथि बाटै उडिरहेका हुन्छन् । नागरिक उड्डयनको नियामक निकाय भएकाले हवाई सुरक्षाको सम्बेदनशिलता, नागरिक उड्डयन सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धी, अन्तर्राष्ट्रिय मापदण्ड, सिद्धान्त एवम् प्रचलन प्रति प्राधिकरण जानकार रहेको छ र हवाई

इमेल : dgca@caanepal.gov.np
केवल : AIRCIVIL
AFTN : VNKTYAYX

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाडौं

पत्र संख्याः-

मितिः-

सुरक्षाका लागि आवश्यक पर्ने सबै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड बमोजिमका विधि प्रकृयाहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अबलम्बन गरिँदै आएको कुरा यहाँ स्पष्ट गरिन्छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सिनामंगल स्थित उक्त जग्गाहरु वि.सं. २०२६ साल, २०३० साल र २०३१ सालमा अधिग्रहण गरिएको हो । विमानस्थलको गुरुयोजना बमोजिम विमानस्थल होटल, फ्लाइट क्याटरिंग सेवा सुविधाका लागि उक्त जग्गा उपयुक्त हुने पहिचान भई नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७२।९।२९ को निर्णयानुसार त्यस स्थानको ९२ रोपनी जग्गामा BOOT प्रणालीमा पाँच तारे विमानस्थल होटल लगायत संरचना निर्माण गर्न लिज प्रदान गर्ने स्वीकृति प्राप्त भएको तर प्राधिकरणले हाल यस सम्बन्धि कार्य अगाडि बढाइनसकेको ।
- मुलुकको राजधानीमा अवस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई सुरक्षित, स्तरीय र सुविधा सम्पन्न अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा विकास गर्न नेपाल सरकार तथा विभिन्न दातृ निकायको ऋण सहयोगमा विमानस्थल पूर्वाधार विकासको दिशामा महत्वपूर्ण कार्यहरु भइरहेका छन् । व्यावसायिक दृष्टिले अत्यन्त उपयोगी रहेको विमानस्थलको जग्गालाई विमानस्थल सम्बद्ध उत्पादनशिल व्यावसायिक गतिविधीमा उपयोग गरी विश्वका अन्य अन्तर्राष्ट्रिय विमानस्थलमा झैं हवाई यात्रुलाई अधिकतम सेवा सुविधा उपलब्ध गराउनुका साथै विमानस्थलको आम्दानीको श्रोतलाई विविधीकरण गर्न प्राधिकरण कृतसंकल्पित छ र यस दिशामा सम्बद्ध सबै क्षेत्रबाट आवश्यक सहयोग र सद्भावको हार्दिक अपेक्षा गर्दछ ।

अन्त्यमा, उडड्यन सुरक्षा तथा हवाई सुरक्षा जस्ता संवेदनशील विषयवस्तुसंग सम्बन्धित समाचार प्रकाशन गर्दा यस प्राधिकरणको आधिकारिक धारणा समेटेर यथार्थपरक समाचार सम्प्रेषण गर्न सबै प्रकाशन मिडिया प्रति प्राधिकरण विशेष आग्रह गर्दछ ।

११।१७

भोला प्रसाद गुरागाँई
उपमहानिर्देशक
कर्पोरेट निर्देशनालय

मिति : २०७७/११/१७